(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले सो विज्ञापन बोर्ड तथा सामाग्री जफत गर्ने वा हटाउनेछ ।

**१९. दण्ड सजायको पुनरावलोकन सम्बन्धी व्यवस्था :** (१) यस दफा बमोजिम विभागले गरेको दण्ड सजाय उपर चित्त नबुझ्ने व्यक्तिले दण्ड जरिवानाको जानकारी पाएको मितिले ३० दिन भित्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको पुनरावलोकन उपर नगरपालिकाको प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - ६

## विविध

**२०. विज्ञापन बोर्ड दर्ता प्रमाण पत्र र यसको अभिलेख व्यवस्था :** (१) शाखाले विज्ञापन बोर्ड दर्ताको अभिलेख अनसूची -४ बमोजिमको विज्ञापन बोर्ड दर्ता कितामा राख्नु पर्नेछ ।

(२) विज्ञापन बोर्ड दर्ता प्रमाणपत्रको ढाँचा अनुसूची -५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(३) विज्ञापन बोर्ड तथा सामाग्री राख्ने विज्ञापन स्वामित्व भएको व्यक्तिसँग यस निदेशिकाको अनुसूची-२ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

**२१. होर्डिङ बोर्ड स्थापना गर्दा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने :** (१) स्थानीय तहले तोकेको स्थानमा होर्डिङ बोर्ड स्थापना गर्न अनुमती पाएको विज्ञापन बोर्डको स्वामित्व भएको व्यक्तिले उक्त बोर्डको संरचना तयार गर्दा पर्याप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बोर्डको सुरक्षा व्यवस्था सम्बन्धमा स्थानीय तहले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोर्डको स्वामित्व भएको व्यक्तिको कर्तव्य हुनेछ ।

**२२. विज्ञापन बोर्ड नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनुमति लिनुपर्ने :** (१) विज्ञापन बोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजीको लागि तिर्न बाँकी कर चुक्ता गरी निवेदन दिनुपर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा, ठाउँसारी गर्ने घरधनीसंगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुवैपक्षको रोहोवरमा बोर्डको स्वामित्व परिवर्तन सम्बन्धी कारवाही गरी बोर्ड दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ ।

(३) बोर्डको नामसारी, ठाउँसारी तथा हटाउने कारवाही गर्दा सेवा शुल्क वापत नगरपालिकाले तोकिएको शुल्क लिनेछ ।

(४) विज्ञापन बोर्डको एकपटक दर्ता गरिसकेपछि बोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व बोर्डको स्वामित्व भएको व्यक्तिको हुनेछ । बोर्डमा विज्ञापन सामाग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र विज्ञापन करमा कुनै छुट वा मिन्हा हुनेछैन ।

**१३. विज्ञापन बोर्डको नविकरण गर्नुपर्ने :** (१) यस निर्देशिका बमोजिम अनुमती प्राप्त विज्ञापन बोर्डको प्रत्येक वर्षको लागि अग्रीम रुपमा कर तथा अन्य दस्तुरहरु तिरी नविकरण गर्नुपर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम विज्ञापन स्वामित्व भएको व्यक्तिले आफुले राखेका वा राख्न दिएका विज्ञापन बोर्डको कर तिरेको अवधि समाप्त भएको मितिले ३५ दिन भित्र नविकरण गरिसक्नु पर्नेछ । उक्त समयभित्र विज्ञापन बोर्डको नविकरण नगरिएमा लाग्ने कर रकममा पहिलो महिनाको लागि १०%, दोश्रो महिनाको लागि १५% र तेश्रो महिनको लागि २०% का दरले जरिवाना र वार्षिक कर असुल गरी ३ महिना सम्ममा नविकरण गर्न सकिनेछ । म्याद नाघेको ३ महिना सम्ममा पनि विज्ञापन बोर्ड नविकरण नगरेमा नगरपालिकाले विज्ञापन बोर्ड वा सामाग्री हटाउने वा जफत वा नष्ट गर्नेछ ।

(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले कर नतिरी राखेको वा तोकिएको समय भित्र नविकरण नगरिएका विज्ञापन बोर्ड वा सामाग्री हटाउने, जफत गर्ने वा नष्ट गर्नु अघि वढीमा १५ दिनको

सूचना सम्वन्धित विज्ञापन बोर्डको स्वामित्व भएको व्यक्ति फर्म कम्पनीलाई दिनुपर्नेछ ।

(४) माथि उपदफा (२) र (३) बमोजिम नगरपालिकाले विज्ञापन बोर्ड वा सामाग्री नष्ट गरिएको वा हटाईएकोमा विज्ञापन बोर्डको नविकरण गर्न स्थानीय तह समक्ष अनुरोध गरेमा बक्यौता कर र सो करको पचास प्रतिशत एकमुष्ट जरिवाना लिई शाखाले विज्ञापन बोर्डको नविकरण गरिदिनु पर्नेछ ।

**२४. होर्डिङ बोर्ड बापतको वहाल कर तिर्नु पर्ने :** विज्ञापन बोर्डहरु राख्न दिने घर तथा जग्गाधनीले तिर्नुपर्ने वहाल कर वापतको रकम नगरपालिकाले सम्बन्धित घर वा जग्गाधनीको नाममा विज्ञापन वस्तुको स्वामित्व भएको व्यक्तिबाटै असुल गर्नेछ ।

**२५. परिचय पाटी वापतको कर व्यवसाय कर सँग आवद्ध गर्न सकिने :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुबाट व्यवसाय कर असुल गर्दाको अवस्थामा परिचय पाटी वा साइन बोर्ड वापतको कर रकम असुल गर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम कर असुल गरेपछि परिचय पाटीको विवरण व्यवसाय दर्ता प्रमाण-पत्रमा उल्लेख गर्न सकिनेछ ।

(३) माथि उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिचय पाटीको छुट्टै दर्ता नविकरण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

**२६. वाधा अडकाउ फुकाउन सक्ने :** यस निर्देशिकामा कार्यान्वयनको सिलसिलामा केही वाधा अडचन देखा परी तत्काल केही कुरा हेरफेर वा संशोधन गर्नु परेमा नगरकार्यपालिकाले हेरफेर, थपघट वा संसोधन गर्न सक्नेछ ।

**२७. निर्देशिका बमोजिम हुने :** चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र विज्ञापन कर लगाई असुल उपर गर्ने कार्य यसै निर्देशिका बमोजिम हुनेछ ।

**२८. विज्ञापन कर संकलन कार्यमा सहयोग गर्नुपर्ने :** यस निर्देशिका बमोजिम कर लगाई असुल उपर गर्ने कार्यमा आवश्यक सहयोगको लागि राजश्व शाखाले बिभिन्न वडा कार्यालय र अन्य शाखाको सहयोग माग गर्न सक्नेछ । यसरी सहयोग माग गरेमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## अनुसूची -१

### दफा ४ को उपदफा (१) बमोजिम विज्ञापनको आकार, प्रकार र बनौट

| क्र.स. | विज्ञापन बोर्ड/ सामाग्रीको प्रकार | विज्ञापन बोर्डको आकार अधिकतम सीमा (बर्ग फुटमा) | विज्ञापन बोर्ड तथा सामाग्रीको बनौट |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | २०×४०=८०० सम्म | फलामको पातामा लेखिएको वा प्रिन्टगरेको सामाग्री राख्ने । |
| २ | साइन बोर्ड (परिचय पाटी) | ३० वर्ग फिटसम्म | फलामको पातामा लेखिएको वा प्रिन्टगरेको सामाग्री राखेको । |
| ३ | नियोन बोर्ड | २० × २०=६० वर्ग फिट सम्म | विद्युतिय तरङ्ग जडित विशेष किसिमको बोर्ड । |
| ४ | ग्लो वोर्ड (विद्युतिय परिचय पाटी) | ३० वर्गफिट सम्म | ग्लो वोर्डको स्पेशल बनावट |
| ५ | ट्राई भिजन वोर्ड | २०×३०=६०० वर्ग फिट सम्म | ट्राइ भिजन स्पेशल बनावट |
| ६ | स्क्रोलर वोड | १०×१० फिट १०० सम्म | विद्युतीय माध्यमबाट एकभन्दा वढी विज्ञापन सामाग्री प्रचार गर्न |
| ७ | पोल व्यानर | २ ×३=६ वर्ग फिट सम्म | कपडामा लेखिएको वा प्रिन्ट गरिएको । |
| ८ | धातुको अक्षर बोर्ड | ३० वर्ग फिट सम्म | धातुले अक्षर, शब्द वा चित्र अंकित गरिएको । टाँस गरिएको फ्रेम । |
| ९ | चलचित्र बोर्ड | १०×१० =१०० वर्ग फिट सम्म | विद्युतीय माध्यमबाट विज्ञापन सामाग्री प्रदर्शन गरिने चलचित्र बोर्ड । |

- ३० वर्गफुट भन्दा वढीको साइनवोर्डलाई कर प्रयोजनका लागि होर्डिङ वोर्डको रुपमा लिईनेछ ।
- कार्यालय प्रयोजनको लागि ३० वर्गफुट सम्मको परिचयपाटीको साईजलाई निशुल्क गरिनेछ। तोकिएको साईजभन्दा ठूलो साईजको परिचयपाटी भएमा नियमानुसार विज्ञापन कर लाग्नेछ।
- पोल ब्यानरले नगरपालिकाको सुन्दरतामा हानी पु-याउने भएकोले कार्यपालिकाको निर्णय नभए सम्मको लागि निषेधित गरिएको छ ।

**निर्देशिकाको दफा ६ (१) बमोजिम**

**विज्ञापन सम्झौता पत्र**

## अनुसूची २

चन्द्रागिरि नगरपालिका (यसपछि "प्रथम पक्ष" भनिएको र ............................. (यसपछि "द्वितीय पक्ष") बीच चन्द्रागिरि नगरपालिका वडा नं........ मार्ग ........ टोलको ..................... नम्बरको घरधनी श्री ................................ को भवन/जग्गामा ............................ बस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्तनामा पालना तथा कार्यान्वयन गर्न दुवै पक्ष मन्जुर भई यो सम्झौता गरी एक एक प्रति लियौं/दियौं ।

**शर्तहरुः**

१. प्रथम पक्षले स्वीकृत दिएको स्थानमा स्वीकृत विज्ञापन बोर्ड/सामाग्री द्वितीय पक्षले विज्ञापन प्रयोजनको निमित्त राख्नेछ । स्वीकृति पश्चात विज्ञापन परिचय पाटी/होर्डिङ वोर्ड/अन्य वोर्डको आकार उचाईको हुनेछ। ............. चौडाई. ......... लम्वाई ................. उचाईको हुनेछ । जम्मा ............. वर्ग फिटले मिति................... देखि ..................सम्म ........ वर्षको प्रति वर्गफुट रु. ....................ले जम्मा रु. .................. द्वितीय पक्षले प्रथम पक्षलाई ................................मितिमा बुझाउनु पर्नेछ।

२. द्वितीय पक्षले विज्ञापन सम्बन्धी आवेदन दिदाको वखत उल्लेख गरी स्वीकृत लिएको विषयमा मात्र विज्ञापन गर्न राख्न पाउनेछ । स्वीकृत विज्ञापन बाहेक अन्य विवरणको विज्ञापन राखु परेमा वा स्थान परिवर्तन गर्नुपरेमा दोश्रो पक्षले लिखित जानकारी गराई प्रथम पक्षको लिखित स्वीकृत लिनुपर्नेछ ।

३. प्रथम पक्षले विज्ञापन हटाउन निर्देशन दिएमा द्वितीय पक्षले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ। तर त्यस्तो विज्ञापन हटाउन प्रथम पक्षले लिखित निर्देशन दिनुपर्नेछ ।

४. द्वितीय पक्षले तोकिएको स्थानमा विज्ञापन राखी प्रथम पक्षलाई शुल्क तिरि सकेको भएमा प्रथम पक्षको निर्देशन अनुसार विज्ञापन हटाएमा द्वितीय पक्षले सो विज्ञापन अन्य कुनै स्थानमा राख्न चाहेमा प्रथम पक्षले स्वीकृत दिन सक्नेछ । अन्यथा प्रथम पक्षले दामासाहीले द्वितीय पक्षलाई रकम फिर्ता गर्नेछ ।

५. विज्ञापन वोर्ड प्राविधिक दृष्टिले सुरक्षित ढंगले निर्माण गर्नुपर्नेछ ।

६. विज्ञापन बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

७. द्वितीय पक्षले स्वीकृत प्राप्त गरि विज्ञापन राखी सकेपछि विज्ञापन करको दरमा हेरफेर भएमा सोहि अनुसार द्वितीय पक्षले प्रथम पक्षलाई कर बुझाउनु पर्नेछ ।

८. दोश्रो पक्षबाट पेश गरिएको विज्ञापन बोर्डको कुनैपनि बेला निरीक्षण गर्दा स्वीकृत दिइएको स्थान र मापदण्ड भन्दा फरक पर्न गएमा सो होर्डिङ्गबोर्ड तत्काल हटाउने वा जरिवाना गर्ने वा दुवै गर्न सक्नेछ ।

९. नगरपालिकाबाट प्राप्त सांकेतिक चिन्ह तथा बोर्डको दर्ता नम्बर बोर्डमै देखिने गरी माथिल्लो भागमा सुरक्षित ढंगले राख्ने सम्पूर्ण जिम्मेवारी द्धितीय पक्षको हुनेछ ।

१०. होर्डिङ्ग बोर्डको आकार, प्रकार र निषेधित क्षेत्र सम्वन्धी नगरपालिकाले जारी गर्ने नीतिगत व्यवस्था अनुसार बोर्ड हटाउन वा आकार, प्रकार परिमार्जन गर्न पर्ने भएमा सो अनुसारको आदेश निर्देशन पालना गर्न द्धितीय पक्ष मन्जुर गर्दछ । यसो गर्दा असूल भईसकेको विज्ञापन कर विज्ञापन दाताले तिर्नपर्ने कर दायित्वमा समायोजन गरिनेछ ।

११. म्याद समाप्त भएको मितिबाट ३५ दिन भित्र वा तोकिएको समय भित्र नविकरण गर्नुपर्नेछ । अन्यथा प्रथम पक्षले विज्ञापन कर निर्देशिका बमोजिम आवश्यक कारवाही अगाडी वढाउनेछ ।

**नगरपालिकाको तर्फबाट**

नाम थरः

हस्ताक्षरः

पदः

छापः

साक्षीहरुः

१) नाम थरः

हस्ताक्षरः

पदः

२) नाम थरः

हस्ताक्षरः

पदः

**विज्ञापन कर्ता र एजेन्सीको तर्फबाट**

नाम थरः

हस्ताक्षरः

पदः

बाबुको नामः

नागरिकता नं र जारी जिल्लाः

(व्यक्तिको हकमा)

फर्म वा कम्पनीको नामः

छापः

साक्षीहरुः

१) नाम, थरः

हस्ताक्षरः

ठेगानाः

२) नाम, थरः

हस्ताक्षरः

ठेगानाः

सम्वत् .................. साल .........महिना .......गते ............रोज शुभम् ।

**दफा ११ को उपदफा(२) बमोजिम**

**अनुसूची-३ विज्ञापन करको दर**

**चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०७८ बमोजिम हुनेछ ।**

क्र.स. विज्ञापनको किसिम (प्रति वर्ग फुट)

(१) परिचय पाटी/साइन वोर्ड
(२) होर्डिङ्ग बोर्ड (विज्ञापन पाटी)
(३) कपडा र फ्लेक्स बोर्ड
(४) पसलका लागि स्थाई होर्डिङ्ग बोर्डको विज्ञापन
(५) पटके होर्डिङ्ग बोर्ड विज्ञापन प्रति गोटा
(६) स्थायी होर्डिङ्ग वोर्ड विज्ञापन त्रिभूवन राजमार्ग दायांवायां
(७) वाल, सटर पेन्टिङ्ग प्रतिवर्ग फिट
(८) स्टल राखी विज्ञापन गरे वापत प्रति स्टल/प्रतिदिन
(९) पोल व्यानर प्रति गोटा
(१०) इलेक्ट्रोनिक डिस्प्ले
(११) नियोनसाईन बोर्ड
(१२) ग्लोसाईन (विद्युतीय) बोर्ड
(१३) चलचित्र बोर्ड
(१४) त्रिभिजन बोर्ड
(१५) स्क्रोरल भिजन बोर्ड
(१६) व्यानर/फिल्मी पोष्टर
(१७) आकाशे बेलुन
(१८) व्यवसायिक भवन प्रवेशद्वार विज्ञापन गेट
(१९) गाडीमा बोकी विज्ञापन
(२०) स्टल
(२१) व्याग प्याग
(२२) वाकिंग बेलुन
(२३) पोल व्यानर
(२४) जात्रा मेला खेलकुद विज्ञापन
(२५) सटर पेन्टिङ्ग
(२६) डि पि एस बोर्ड
(२७) लाईट बोर्ड

दफा २० को उपदफा (१) बमोजिम

## अनुसूची-४

## चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालय

## विज्ञापन वोर्ड दर्ता किताव

विज्ञापन बोर्ड दर्ता नं.: (वडा/द.नं./साल ................................

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नामः

२. विज्ञापन रहने स्थानः-.......वडा ..... घर नं. ............ मार्ग/पथ/सडक ..........

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः........

४. विज्ञापन बोर्डको आकार, प्रकार र बनौटः

क) आकारः .............लम्वाई ..............चौडाई ..............वर्गफिट

ख) विज्ञापन बोर्डको प्रकारः होर्डिङ्ग वोर्ड/होर्डिङ्ग वोर्ड साना/साईन वोर्ड/ग्लो वोर्ड/त्रिभिजन वोर्ड ......

ग) बनौट

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर, ठेगानाः

६. विज्ञापन वोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः

| क्र.सं. | साविक वालाको नाम थर | ठेगाना | हालवालाको नाम थर | ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|---|---|
| | | | | | |

७. दर्ता/नविकरणको अद्यावधिक तालिकाः

क) दर्ता/नविकरण मितिः

ख) विज्ञापन विवरणः

ग) विज्ञापन सम्बद्ध कम्पनी/फर्मको नामः

घ) कर असुल भएको अवधिः

ङ) कर असुली रकमः

च) र.नं. ...............                                                                                    ......................

कर अधिकृतको हस्ताक्षर

**दफा २० को उपदफा २) बमोजिम**

**अनुसूची - ५**

चन्द्रागिरि नगरपालिका नगरकार्यपालिकाको कार्यालय

राजश्व शाखा

विज्ञापन बोर्ड दर्ता प्रमाण-पत्र (मुख पृष्ठ)

दर्ता मितिः .............................. प्रमाण पत्र नं. ........................... वडा नं. ........ मार्ग ........... घर नं. ........... बस्ने श्री .............................. लाई विज्ञापन कर निर्देशिका, २०७८ बमोजिम निम्न उल्लेखित अनुसार समय समयमा नगरपालिका बाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गरी विज्ञापन कर तिरी विज्ञापन बोर्ड राख्न यो प्रमाण पत्र दिईको छ ।

विज्ञापन बोर्डको विवरणः

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नामः.................................

२. विज्ञापन रहने स्थानः-..........वडा ..... घर नं. ...... मार्ग/पथ/सडक ..........

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः ...........

४. विज्ञापन बोर्डको आकार, प्रकार र वनौटः

क) आकारः .......... लम्बाई .............चौडाई ..................... वर्गफिट

ख) विज्ञापन बोर्डको प्रकारः होर्डिङ वोर्ड/होडिङ बोर्ड साना/साईन वोर्ड/ग्लो बोर्ड/त्रिभिजन बोर्ड...........

ग) बनौट

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थरः...................................

६. विज्ञापन स्वामित्व भएको व्यक्तिको ठेगानाः.............................

७. विज्ञापन बोर्डको स्वामीत्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः

| क्र.सं. | साविक वालाको नाम थर | ठेगाना | हालवालाको नाम थर | ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|---|---|
| | | | | | |

..........................                                   ..................

विज्ञापन स्वामित्व भएको व्यक्तिको हस्ताक्षर                कर अधिकृतको हस्ताक्षर

**शर्तहरुः**

१. सम्झौतामा अन्यथा उल्लेख गरिएको बाहेक प्रत्येक आर्थिक वर्षको वा म्याद समाप्त भएको ३५ दिन भित्र प्रत्येक वर्षको लागि अग्रिम रुपमा कर बुझाउनु पर्नेछ ।

२. होर्डिङ बोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नु परेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३. विज्ञापन बोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी कार्यालयको पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।

(पछिल्लो पृष्ठ) विज्ञापन वोर्ड दर्ता नविकरण तालिकाः

दर्ता/नविकरण मिति

विज्ञापन विवरण

विज्ञापन सम्बद्ध कम्पनी/फर्मको नाम

कर असुल भएको अवधि

कर असुली रकम

र.नं.

..............................

कर अधिकृतको हस्ताक्षर

प्रमाणीकरण: २०७८/०३/२० गते

मूल्य रू. १०/-

आज्ञाले

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत